रुरुक्षेत्र गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०६ संख्याः १ मितिः २०७९/०३/१९(अतिरिक्तांक)

भाग-१

रुरुक्षेत्र गाउँपालिका

गुल्मी, लुम्बिनी प्रदेश

## स्थानीय तहको आर्थिक ऐन, २०७९

सम्बत २०७९ को ऐन नं. १ गाउँसभाबाट पारित मिति :२०७९/०३/१९

**रुरुक्षेत्र गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावना** : रुरुक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम रुरुक्षेत्र गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ । (२) यो ऐन २०७९ श्रावण १ गतेदेखि रुरुक्षेत्र गाउँपालिकामा लागू हुनेछ ।

२. **भूमि कर (मालपोत)**: गाउँपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. **व्यवसाय कर** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची-२ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

४. **सेवा शुल्क, दस्तुर** : गाउँपालिकाले उपलब्ध गराउने सेवामा अनुसूची-३ बमोजिम सेवाग्राहीबाट सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

५. **विज्ञापन कर** : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-४ बमोजिमको विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

६. **वनपैदावर वा वन्यजन्तु जडीबुटी, कवाडी र जीवजन्तु कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, जडीबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत त्यस्तो कारोबारको १० प्रतिशत रकम कर लगाइने र असूल उपर गरिनेछ ।

७. **काठ, दाउरा बिक्री कर** : गाउँपालिका क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समितिले सामुदायिक वनबाट बिक्री गर्ने काठ, दाउरा, घाँसमा बिक्री मुल्यको १० प्रतिशत रकम कर लगाइने र असूल उपर गरिनेछ ।

८. **कवाडी कर** : गाउँपालिका क्षेत्रभित्र कवाडी मालवस्तु व्यवसायिक रुपमा संकलन गरी बिक्री वितरण गर्ने कार्यमा टेण्डर मार्फत कर लगाइने र असूल उपर गरिनेछ ।

९. **दाउरा व्यवस्थापन** : कालीगण्डकी नदी (गाउँपालिका क्षेत्रमा) दाहसंस्कार वा अन्य कार्य गर्नको लागि दाउराको व्यवसायिक बेचबिखन गर्नको लागि टेण्डर मार्फत कर लगाइने र असूल उपर गरिनेछ ।

**१०. बहाल कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको घर, जग्गा, सवारी साधन भाडामा दिई व्यापार, व्यवसाय वा अन्य कार्यालय संचालन गरेकोमा १० प्रतिशत बहाल कर लगाइने र असूल उपर गरिनेछ ।

**११. घर जग्गा बहाल कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी पूरै वा आंशिक बहालमा दिएकोमा घर जग्गा बहाल कर लगाइने र असूल उपर गरिनेछ ।

**१२. सवारी साधन कर** : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

**१३. मनोरञ्जन कर** : गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा मनोरञ्जन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

**१४. बहाल बिटौरी शुल्क** : गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१५. नदीजन्य पदार्थको उत्खनन्, संकलन, भण्डारण र बिक्री वितरण** : गाउँपालिका क्षेत्रभित्र रहेका नदी, खोलामा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तर) उत्खनन्, संकलन, भण्डारण र बिक्री वितरण वापत रोयल्टी प्रतिस्पर्धात्मक ठेक्काबाट अनुसूची-५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ । गाउँपालिका क्षेत्रभित्र रहेका नदी, खोलामा नदीजन्य पदार्थ ( ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तर) को अवैध उत्खनन्, चोरी, निकासी गरेको पाइएमा अनुसूची-६ बमोजिमको दण्ड जरिवाना दर लगाइने र असूल उपर गरिनेछ ।

**१६. कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

**१७. कर तथा शुल्क संकलन कार्यविधि** : यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि रुरुक्षेत्र गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**१८. नियम वा कार्यविधि बनाउन सक्ने** : रुरुक्षेत्र गाउँपालिका गाउँ कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

## अनुसूची - १
## भूमि कर (मालपोत)

| क.सं. | जग्गाको क्षेत्रफल (रोपनीमा) | कर, दस्तुर (रकम रु.मा) |
|---|---|---|
| १. | ५ रोपनी सम्म | १५ |
| २. | ५ रोपनी देखि १० रोपनी सम्म | थप २० |
| ३. | १० रोपनी माथी | प्रति रोपनी रु.५ थप |

## अनुसूची - २
## व्यवसाय कर

| क्र.सं. | विवरण | एकाई | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|---|
| १ | दैनिक उपभोगका खाद्य पदार्थ तथा किराना खुद्रा पसल | प्रति पसल | ७५० | ५०० |
| २ | जनरल स्टोर्स, सपिङ्ग सेन्टर | ,, | ३००० | २००० |
| ३ | थोक किराना तथा गल्ला पसल | ,, | ४५०० | ३००० |
| ४ | लुगा सिलाउने पसल | ,, | ७५० | ५०० |
| ५ | कपडा पसल सहित लुगा सिलाउने पसल | ,, | ३००० | २००० |
| ६ | कपाल काट्ने सैलुन | ,, | १५०० | १००० |
| ७ | पान पसल | ,, | ७५० | ५०० |
| ९ | फोटो स्टुडियो | ,, | १५०० | १००० |
| १० | माटोको भाँडा पसल | ,, | ७५० | ५०० |
| ११ | भाँडा पसल -फलाम,तामा,स्टील, आदी धातुका भाँडा बेच्ने) | ,, | २२५० | १५०० |
| १२ | डेकोर सेन्टर/फर्निसिङ | ,, | २२५० | १५०० |
| १३ | मेशिनको पार्ट पूर्जा बेच्ने पसल/वर्क्ससप | ,, | ४५०० | ३००० |
| १४ | हार्डवेयर पसल | ,, | ४५०० | ३००० |
| १५ | मूर्ति /उपहार पसल | ,, | ७५० | ५०० |
| १६ | बिजुलीको सामान बेच्ने पसल | ,, | २२५० | १५०० |
| १७ | घडी, रेडियो मर्मत तथा बिक्री पसल | ,, | ७५० | ५०० |
| १८ | टेलिभिजन तथा कम्प्युटर मर्मत गर्ने पसल | ,, | २२५० | १५०० |
| १९ | टेलिभिजन, कम्प्युटर, मोबाइल बिक्री गर्ने पसल | ,, | ३००० | २००० |
| २० | टि.भी., कम्प्युटर, मोबाइल मर्मत सहित बिक्री गर्ने पसल | ,, | ४५०० | ३००० |
| २१ | चार पाङ्ग्रे सवारी साधनको बिक्री तथा मर्मत | ,, | १५००० | १०००० |

| | | | | |
|---|---|---|---|---|
| २२ | मोटरसाइकल तथा अटो रिक्सा बिक्री तथा मर्मत | ,, | ७५०० | ५००० |
| २३ | साइकल बिक्री तथा मर्मत | ,, | १५०० | १००० |
| २४ | गर गहना बनाउने र बेच्ने पसल | ,, | ४५०० | ३००० |
| २५ | स्टेशनरी /पुस्तक पसल | ,, | १५०० | १००० |
| २६ | पेट्रोलपम्प | ,, | ७५०० | ५००० |
| २७ | ग्याँस विक्रेता | ,, | ४५०० | ३००० |
| २८ | आइसक्रिम बेच्ने पसल | ,, | ७५० | ५०० |
| २९ | फलफूल/तरकारी पसल | ,, | ७५० | ५०० |
| ३० | मिठाई बेच्ने पसल | ,, | १५०० | १००० |
| ३१ | माछा पसल | ,, | १५०० | १००० |
| ३२ | फ्रेस हाउस (कुखुरा मात्र) | ,, | २२५० | १५०० |
| ३३ | मासु पसल (खसी, बोका तथा कुखुरा) | ,, | ३००० | २००० |
| ३४ | इजाजत प्राप्त मदिरा पसल (थोक) | प्रति पसल | ११२५० | ७५०० |
| ३५ | इजाजत प्राप्त मदिरा पसल (खुद्रा) | ,, | ७५०० | ५००० |
| ३६ | कविराज/ चिकित्सा सेवा | ,, | ७५० | ५०० |
| ३७ | स्वास्थ्य परीक्षण ल्याब | ,, | ३००० | २००० |
| ३८ | डेन्टल | ,, | ३००० | २००० |
| ३९ | औषधी पसल / मेडिकल हल | ,, | ३००० | २००० |
| ४० | अस्पताल | ,, | ४५०० | ३००० |
| ४१ | विशेषज्ञ सहितको मेडिकल सेवा | ,, | ४५०० | ३००० |
| ४२ | चिया नास्ता पसल | ,, | ७५० | ५०० |
| ४३ | रेष्टुरेन्ट एण्ड बार | ,, | ३००० | २००० |
| ४४ | साधारण होटेल | ,, | २२५० | १५०० |
| ४५ | गेष्ट हाउस, लज | ,, | ३७५० | २५०० |
| ४६ | पार्टी प्यालेस | ,, | ४५०० | ३००० |
| ४७ | होस्टेल | ,, | १५०० | १००० |
| ४८ | टेन्ट/क्याटेरिङ्ग | ,, | ३००० | २००० |
| ४९ | दूध डेरी | प्रति पसल | १५०० | १००० |
| ५० | छापाखाना | ,, | १५०० | १००० |
| ५१ | गिफ्ट शप | ,, | ७५० | ५०० |
| ५२ | जुत्ता पसल | प्रति पसल | १५०० | १००० |

| | | | | |
|---|---|---|---|---|
| ५३ | कस्मेटिक समान बेच्ने पसल | ,, | १५०० | १००० |
| ५४ | ब्यूटी पार्लर | प्रति पसल | २२५० | १५०० |
| ५५ | कपडा पसल | ,, | २२५० | १५०० |
| ५६ | फेन्सी पसल (१ लाख पूजीँ भएको) | ,, | ३००० | २००० |
| ५७ | फेन्सी पसल | ,, | १५००० | १२००० |
| ५८ | गोदाममा सामान राखी बेच्ने (घुम्ती व्यापारी) (वार्षिक) | ,, | ४५०० | ३००० |
| | गोदाममा सामान राखी बेच्ने (घुम्ती व्यापारी) (त्रैमासिक) | ,, | १५०० | १००० |
| ५९ | केवुल नेटवर्किङ्ग | ,, | | |
| | क) १५० सम्म ग्राहक भएका<br>ख) १५० भन्दा माथी ग्राहक भएका | ,, | ४५००<br>७५०० | ३०००<br>५००० |
| ६० | टेलिभिजन केवल | ,, | | |
| | क) १५० सम्म ग्राहक भएका<br>ख) १५० भन्दा माथी ग्राहक भएका | ,, | ३०००<br>६००० | २०००<br>४००० |
| ६१ | इन्टरनेट सर्भिस प्रोभाइडर | ,, | | |
| | क) १५० सम्म ग्राहक भएका<br>ख) १५० भन्दा माथी ग्राहक भएका | ,, | ३०००<br>६००० | २०००<br>४००० |
| ६२ | बैङ्क | | | |
| | क वर्ग | ,, | ११२५० | ७५०० |
| | ख वर्ग | ,, | ७५०० | ५००० |
| | ग वर्ग | ,, | ६००० | ४००० |
| | घ वर्ग | ,, | ४५०० | ३००० |
| ६३ | सहकारी संस्था | ,, | ७५० | |
| ६४ | मनि चेन्जर/रेमिट्यान्स | प्रति केन्द्र | ३००० | २००० |
| ६५ | एफ.एम. रेडियो | ,, | ४५०० | ३००० |
| ६६ | विमा एजेन्ट | ,, | १५०० | १००० |
| ६७ | चल्ला बेच्ने फर्म | ,, | ३००० | २००० |
| ६८ | कोचिङ सेन्टर | ,, | ३००० | २००० |
| ६९ | कम्प्यूटर इन्स्टीच्यूट | ,, | ३००० | २००० |
| ७० | व्यवसायिक तालिम /सिलाइ कटाई तालिम | ,, | १५०० | १००० |
| ७१ | फोटोकपी पसल | ,, | ७५० | ५०० |

| | | | | |
|---|---|---|---|---|
| ७२ | सिसा /प्लाइउड पसल | ,, | १५०० | १००० |
| ७३ | साइनवोर्ड /पेन्टिङ्ग पसल | ,, | १५०० | १००० |
| ७४ | सोलार / सौर्य उर्जा बेच्ने पसल | ,, | ३००० | २००० |
| ७५ | कुरियर सेवा | ,, | ७५० | ५०० |
| ७६ | टयाङ्कर व्यवसाय | ,, | ३००० | २००० |
| ७७ | घरेलु तथा कृषि उद्योग , पशु, कृषि,घरेलु पोल्ट्री फर्म, गाई फर्म | ,, | ७५० | ५०० |
| ७८ | एग्रोभेट / बिउ-विजन बिक्री गर्ने पसल | ,, | ७५० | ५०० |
| ७९ | उद्योग वाणिज्य संघ,व्यापार संघ,होटल व्यवसायी संघ,गैर सरकारी संस्था लगायतका संघ संस्था | ,, | ७५० | ५०० |
| ८० | नदीमा माछा छोपी व्यवसाय गर्ने अनुमति प्राप्त व्यवसायी | ,, | ३००० | २००० |
| ८१ | तीन पाङग्रे अटो रिक्सा | ,, | ७५० | ५०० |
| ८२ | होम स्टे | प्रति पसल | निशुल्क | १५०० |
| ८३ | निजी व्यक्तिहरुको घर वा जग्गामा राख्ने टेलिकम टावर | प्रति टावर | ७,५००/ | ५,०००/ |
| ८४ | कवाडी /स्क्राब पसल | प्रति पसल | ३७५० | २५०० |
| ८५ | ड्राइक्लिन सेवा | ,, | १५०० | १००० |
| ८६ | कृषि उपज संकलन | ,, | ७५० | ५०० |
| ८७ | रिकन्डिसन पसल -पुराना सवारी साधन बेच्ने) | ,, | ३००० | २००० |
| ८८ | चटपटे पसल | ,, | ७५० | ५०० |
| ८९ | पूजा सामाग्री बिक्री गर्ने पसल | ,, | १५०० | १००० |
| ९० | ज्योतिष परामर्श सेवा | ,, | १५०० | १००० |
| ९१ | भिडियोग्राफी सेवा | ,, | २२५० | १५०० |
| ९२ | फ्ल्याक्स प्रिन्ट /कलर ल्याब | ,, | २२५० | १५०० |
| ९३ | इन्जीनियरिङ्ग कन्सल्टेन्सी | ,, | १५०० | १००० |
| ९४ | पेन्ट पसल | ,, | ३००० | २००० |
| ९५ | टायल्स, मार्वल तथा सेनेटरी | ,, | ४५०० | ३००० |
| ९६ | स्टिकर हाउस | ,, | १५०० | १००० |
| ९७ | दाना बेच्ने पसल खुद्रा | ,, | १५०० | १००० |

| | | | | |
|---|---|---|---|---|
| ९८ | दाना बेच्ने पसल थोक | ,, | ३००० | २००० |
| ९९ | ड्राइभिङ इन्सिच्यूट | ,, | ४५०० | ३००० |
| १०० | अडिट फर्म/ल फर्म/कन्सलटेन्सी/परामर्श सेवा | ,, | ३००० | २००० |
| १०१ | 'घ' वर्गको निर्माण व्यवसायी | प्रति फर्म | ४५,००० | ३०,००० |
| १०२ | खानेपानी मूल दर्ता तथा सरसफाई समिति | प्रति समिति | १००० | ६०० |
| १०३ | सामुदायिक वन दर्ता | प्रति समिति | १००० | ६०० |
| १०४ | सूर्तिजन्य पदार्थको विक्री | प्रति पसल | ३००० | २००० |
| १०५ | चश्मा पसल | ,, | १५०० | १००० |
| १०६ | चश्मा पसल (विशेषज्ञ सेवा सहित) | ,, | ३००० | २००० |
| १०७ | फलफूल, घाँस तथा नर्सरी सेवा | ,, | ७५० | ५०० |

## उद्योग व्यवसाय

| सि.नं. | विवरण | दर्ता शुल्क | नविकरण |
|---|---|---|---|
| १ | इटा टायल उद्योग | ४५०० | ३००० |
| २ | होजियरी उद्योग | १५०० | १००० |
| ३ | कुटानी, पिसानी, पेलानी मिल आदी | १५०० | १००० |
| ४ | कुटानी, पिसानी, मिल आदी | ७५० | ५०० |
| ५ | आल्मूनियम उद्योग,ग्रील उद्योग | ४५०० | ३००० |
| ६ | स्टिल फर्निचर उद्योग एवं विक्रेता | ४५०० | ३००० |
| ७ | फर्निचर तथा काष्ठ उद्योग | ४५०० | ३००० |
| ८ | सिरक डसेना उद्योग | ४५०० | ३००० |
| ९ | जुस/अचार उद्योग | १२,००० | ८००० |
| १० | बेकरी उद्योग | ३००० | २००० |
| ११ | क्रसर उद्योग | ३०,००० | २०,००० |
| १२ | आरन उद्योग | ७५० | ५०० |
| १३ | चाउमिन उद्योग | ३००० | २००० |
| १४ | जलविद्युत उद्योग -प्रति उद्योग) | ३०,००० | २०,००० |
| १५ | सोलार मार्फत् विद्युत उत्पादन गर्ने उद्योग (प्रति उद्योग) | १५,००० | १०,००० |
| १६ | मादल उद्योग | ७५० | ५०० |

| | | | |
|---|---|---|---|
| १७ | परालका चप्पल बनाउने उद्योग | ७५० | ५०० |

## संस्थागत विद्यालय तर्फ

| क्र.सं. | संस्थागत विद्यालयको कक्षा संचालन | दस्तुर रु. |
|---|---|---|
| १. | ५ कक्षा सम्म संचालन | ३,००० |
| २. | ८ कक्षा सम्म संचालन | ५,००० |
| ३. | १० कक्षा सम्म संचालन | ७,००० |
| ४. | १२ कक्षा सम्म संचालन | १०,००० |

## डोजर सूचीकृत

| सि.नं. | विवरण | सूचीकृत दस्तुर रु. |
|---|---|---|
| १. | १०० हर्ष पावर भन्दा तल | १०००० |
| २. | १०० हर्ष पावर भन्दा माथी | २०००० |

## अनुसूची - ३
## सेवा शुल्क, दस्तुर

| क्र.सं. | विवरण | दस्तुर रु. |
|---|---|---|
| १ | नक्कल उतार प्रतिलिपी प्रतिपाना | ५० |
| २ | नागरिकता सिफारिस दस्तुर | १०० |
| | नागरिकता प्रतिलिपी सिफारिस दस्तुर | १०० |
| ३ | अंगिकृत नागरिकता सिफारिस दस्तुर | ३०० |
| ४ | नाता प्रमाणित नेपालीमा | १०० |
| ५ | अन्य प्रमाणित दस्तुर | १०० |
| ६ | घर बाटो सिफारिस | २५० |
| ७ | सर्जमिन मुचुल्का | २०० |
| ८ | चारकिल्ला प्रमाणित प्रति सिफारिस | २०० |
| ९ | अंग्रेजी भाषामा गरिने सिफारिस | २०० |
| १० | अग्रेजी भाषामा गरिने नाता प्रमाणित | ३०० |
| ११ | आम्दानी प्रमाणित र धितो मुल्याङ्कन | ३०० |

| | | |
|---|---|---|
| १२ | क) ५ लाख सम्म | ५०० |
| | ख) १० लाख सम्म | १००० |
| | ग) १० लाख भन्दा माथी प्रति लाखमा | १०० थप |
| १३ | घर पसल बन्द कोठा खुलाउने मुचुल्का | ५०० |
| १४ | मुद्धा मामिला दर्ता | १०० |
| १५ | व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र | निशुल्क |
| १६ | व्यक्तिगत घटना दर्ता ३५ दिनपछि | |
| | व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क | २०० |
| १७ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर | ५०० |
| १८ | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | २०० |
| १९ | प्राविधिक शिक्षालय खोल्ने सिफारिस | ३००० |
| २० | जग्गा दर्ता सिफारिस ५ रोपनी सम्म | ५०० |
| २१ | जग्गा दर्ता सिफारिस ५ रोपनी माथी | १००० |
| २२ | विद्युत् जोड्ने सिफारिस | १०० |
| २३ | धारा जोड्ने सिफारिस | १०० |
| २४ | रेखाङ्कन लगायतका अन्य कार्यको सर्जमिन प्रति सर्जमिन | ५०० |
| २५ | व्यवसाय नामसारी | ५०० |
| २६ | व्यवसाय संचालनमा नभएको व्यहोराको सिफारिस | १०० |
| २७ | साधारण सिफारिस | १०० |
| २८ | अन्य प्रतिलिपी सिफारिस | २०० |
| २९ | कु-काठ कटानी सिफारिस २० वोट सम्म | ३००० |
| ३० | क) सो भन्दा माथी प्रति वोट | २०० |
| ३१ | वैदेशिक पेन्सन सिफारिस | २०० |
| ३२ | व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी दस्तुर | १०० |
| ३३ | ‘घ’ वर्गको निर्माण व्यवसायको इजाजतपत्रको प्रतिलिपी दस्तुर | १००० |
| ३४ | सहकारी संस्थाको आबद्धता शुल्क | ५०० |

## विद्यालय खोल्ने र कक्षा थप सम्वन्धी अनुमती

| क.सं. | विवरण | दस्तुर रु. |
|---|---|---|
| १ | आधारभूत तह | २००० |
| २ | मा.वि. | ३००० |

## घरकर

| क.सं. | विवरण | कर रु. |
|---|---|---|
| १ | टिनको छानो | ३० |
| २ | पक्की ढलान आर.सि.सि.१ तले | १०० |
| ३ | पक्की ढलान आर.सि.सि.२ तले | १५० |
| ४ | पक्की ढलान आर.सि.सि.३ तले | २२० |
| ५ | पक्की ढलान आर.सि.सि.४ तले | २५० |
| ६ | पक्की ढलान आर.सि.सि.४ तला माथी प्रति तला | १०० |

## घर नक्सा पास तर्फ

| क.सं. | विवरण | कर रु.मा |
|---|---|---|
| १ | गोरेटो बाटो घर नक्सा पास प्रति वर्ग फुट (R.C.C) | ३ |
| २ | कच्ची मोटर बाटो प्रति वर्ग फुट (R.C.C) | ५ |
| ३ | पक्की मोटर बाटो (हाइवे समेत) प्रति वर्ग फुट (R.C.C) | ६ |

## अनुसूची - ४
## विज्ञापन कर

| क.सं. | होडिङ्ग वोर्डको साईज | दस्तुर रु. |
|---|---|---|
| १. | ४'x६' को साईज | १,००० |
| २. | सो भन्दा बढी साईज भएमा | २,००० |

## अनुसूची - ५
## ढुङ्गा, गिट्टी, बालुवा तर्फ रोयल्टी कर

| क्र.सं. | विवरण | कर रकम रु. |
|---|---|---|
| १ | प्रति ट्र्याक्टर | ५०० |
| २ | प्रति मिनि ट्रक | १२५० |
| ३. | प्रति ट्रिपर/ट्रक | १८५० |

## अनुसूची-६

बमोजिम नदीजन्य पदार्थ (गिट्टी, बालुवा, ढुङ्गा, आदि) को अवैध उत्खनन्, चोरी, निकासीवापत् दण्ड जरिवाना दर

| क्र.सं. | सवारीको विवरण | प्रथम पटक | दोस्रो पटक | तेस्रो पटक |
|---|---|---|---|---|
| १ | ट्र्याक्टर | रु.१५,०००/- | रु.२०,०००/- | रु.४०,०००/- |
| २ | मिनि ट्रक | रु.२०,०००/- | रु.३०,०००/- | रु.६०,०००/- |
| ३ | ट्रिपर/ट्रक | रु.३०,०००/- | रु.४०,०००/- | रु.८०,०००/- |
| ४ | जे.सी.बी./एक्जाभेटर | रु.४०,०००/- | रु.५०,०००/- | रु.१,००,०००/- |
| माथि उल्लेखित अवधि तेस्रो पटक भन्दा माथिको अवधिको लागि सवारी साधन सिज गरी कार्यपालिकाको निर्णयअनुसार गर्ने । | | | | |

अनुसूची-७

प्रस्तावित आन्तरिक आम्दानी विवरण

| क.सं. | शिर्षक | चालू आ.व.को अनुमानित आम्दानी | चालू आ.व.को बैशाख मसान्त सम्मको यथार्थ आम्दानी | आगामी आ.व.को प्रस्तावित आम्दानी (रु.हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | भूमिकर (मालपोत)/ घर कर | २८० | ५५६ | ६०० | |
| २. | व्यवसाय/उद्योग कर (नविकरण) | ७२० | ८५४ | ९०० | |
| ३. | व्यवसाय/उद्योग रजिष्ट्रेसन दस्तुर | ११० | २३५ | २०० | |
| ४. | विज्ञापन कर | २ | ० | २ | |
| ५. | मनोरन्जन कर | १ | ० | १ | |
| ६. | घर, जग्गा वहाल कर | २५० | १९६ | २०० | |
| ७. | सम्पत्ति वहाल कर/ अन्य वहाल कर | ८० | ६८५ | ७०० | एउटै शिर्षकमा राखेको । |
| ८. | कवाडी कर | १०० | २१२ | २०० | |
| ९. | घाट गद्दी, दाउरा दहत्तर वहत्तर रोयल्टी | ७०० | ११०५ | ८०० | |
| १०. | ढुङ्गा, गिट्टी, वालुवा रोयल्टी | ५००० | | ६००० | |
| ११. | वनपैदावार बिक्री वितरणवाट प्राप्त रोयल्टी | १० | | १० | |
| १२. | घर नक्सा पास शुल्क | ४० | ० | ४० | |
| १३. | सिफारिस, सेवा, शुल्क दस्तुर | ६०० | ३४७ | ६०० | |
| १४. | व्यक्तिगत घटना दर्ता दस्तुर (पञ्जिकरण) | १०० | २३८ | ३०० | |
| १५. | नाता प्रमाणित दस्तुर | १०० | ४३ | १०० | |
| १६. | परीक्षा शुल्क | १० | ९ | ५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७. | पार्किङ शुल्क | १ | ० | १ | |
| १८. | न्यायिक दस्तुर | ३ | ० | ३ | |
| १९. | न्यायिक दण्ड जरिवाना र जफत | ५ | ० | ५ | |
| २०. | शिक्षा क्षेत्रको आम्दानी | २ | ० | २ | |
| २१. | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | २०० | ० | २०० | |
| २२. | हाट बजार, मेला, प्रदर्शनी संचालन आम्दानी | ५०० | ७३७ | ७०० | |
| २३ | अन्य दस्तुर | २५ | १४० | २५ | |
| २४ | डोजर सूचिकृत दस्तुर /अन्य कर | १२५ | ३५८ | ४०० | एउटै शिर्षकमा राखेको । |
| २५ | प्रशासनिक दण्ड जरिवाना | १० | २१० | १०० | |
| २६ | अन्य राजश्व | ८० | ७९ | १०० | |
| २७ | बहाल विटौरी कर | १ | ० | १ | |
| | **जम्मा** | ९०६० | ६००४ | १२२४० | |

**विलम्ब शुल्क सम्बन्धी व्यवस्था :**

१. आश्विन मसान्त सम्म विलम्ब शुल्क नलाग्ने ।

२. पौष मसान्त सम्म १० प्रतिशत विलम्ब शुल्क लाग्ने ।

३. पौष मसान्त पछि एक आर्थिक वर्ष सम्म २० प्रतिशत विलम्ब शुल्क लाग्ने ।

४. एक आर्थिक वर्षभन्दा बढीको प्रति वर्ष ५० प्रतिशत विलम्ब शुल्क लाग्ने ।

प्रमाणिकरण मिति :२०७९।०३।१९

आज्ञाले

मधुकृष्ण पौड्याल
प्रमुख प्रशासकीय अधिकृत